# जिरी नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

**नगर सभाका उपाध्यक्ष ज्यू,**

**नगरसभाका सदस्य ज्यूहरू,**

**उपस्थित महानुभावहरू,**

१) यस जिरी नगरपालिकाको नगर प्रमुखको हैसियतले सम्मानित नगरसभाको चौधौं अधिवेशन समक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

२) यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, नेपाली जनताको हित र समृद्धि एवम् मुलुकको सर्वाङ्गीण विकास र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । देशमा राजनीतिक परिवर्तनको नेतृत्व गर्ने श्रद्धेय नेतागण सहित सम्पूर्ण नेपाली जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै सुन्दर, शान्त र मनमोहक जिरीको आर्थिक, सामाजिक, पूर्वाधार विकास एवम् स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्‍याउनु हुने स्थानीय अग्रजहरु प्रति सम्मान पूर्वक स्मरण गर्दछु।

३) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको कार्य जिम्मेवारी बमोजिम यस नगरपालिकाले **"समृद्ध जिरीको आधार : कृषि, पर्यटन र पूर्वाधार"** को दीर्घकालीन सोच एवम् कृषि र पर्यटन क्षेत्रमा विशेष लगानी गरी नगरलाई **"क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी"** बनाउने लक्ष्य लिएको छ।

४) नेपालको स्वीट्जरल्याण्डको उपमा पाएको सुन्दर पर्यटकीय नगरीको रूपमा रहेको यस नगरपालिका जनसंख्याको हिसावले सानो भए तापनि भूगोलको हिसावले ठूलो छ। विशाल भूगोल, छरिएको वस्ती, पूर्वाधार विकासको आवश्यकता र सीमित आन्तरिक स्रोतको वाबजुद नगरपालिकाले कृषि, पर्यटन र पूर्वाधार विकासमा जोड दिदैँ कार्यक्रमहरू संचालन गर्दै आएको छ।

**नगर सभाका उपाध्यक्षज्यू**
**नगर सभाका सदस्य ज्यूहरू,**

५) अब म सभा समक्ष संघीय शासन व्यवस्था लागु भई स्थानीय तह गठन पश्चात हालसम्मका यस जिरी नगरपालिकाका मुख्य उपलब्धी एवं चुनौतीहरु संक्षेपमा प्रस्तुत गर्दछु।

६) यस नगरपालिकाले कृषि, पर्यटन र पूर्वाधार क्षेत्रमा नीति तथा कार्यक्रमलाई प्राथमिकता दिदैँ आएको छ। यसको फलस्वरुप आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रमा आधारभूत उपलब्धी देखिन थालेका छन्।

७) भौतिक पूर्वाधार तर्फ करिब २०० कि.मी. सडक निर्माण भएको छ । सडक स्तरोन्नति गर्दा वातावरणमैत्री सडक निर्माण (सोलिङ्ग) प्रविधिलाई मुख्य रूपमा अवलम्वन गरीएको छ। अधिकांश वडाहरुमा आधारभूत खानेपानी सुविधा पुगेको छ। पर्यटन पूर्वाधार तर्फ हनुमन्ते, चेर्दुङ, स्टोन पार्क, टोनी हेगन पार्क, तेन्जिङ हिलारी पार्क, जिरेश्वरी मन्दिर, राम्बोले मन्दिर, गुराँस पार्क, बुद्ध पार्क, ठुलोढुङ्गा पार्क, कुथामे पिकनिक पार्क, खावा पिकनिक पार्क, हलेश्वर मन्दिर, जट्टा पोखरी पाँचपोखरी, लगायतका क्षेत्रमा प्रारम्भिक पर्यटन पूर्वाधार विकास भएका छन् । जिरी-५ मा निर्मित सपिङ कम्प्लेक्सलाई उद्देश्य अनुरुप भाडामा लगाउने गृहकार्य भै रहेको छ।

८) प्रदेश सरकारको सहयोग र साझेदारिमा जिरी-५, लिंकन बजारमा ५०० मेट्रिक टन क्षमताको शीत भण्डार, रिक्रियशन हल, जिरी-६ मा जिरी संग्रालय र जिरी-७ मा खावा भ्यू टावर निर्माण सम्पन्न

भएका छन् । उक्त संरचनाहरु यथासक्य छिटो नगरपालिकालाई हस्तान्तरण गरी उद्धेश्य अनुरुप नगरबासीको हितमा उपयोग गर्नका लागि प्रदेश सरकार मातहतका सम्बन्धित निकाय एवं नेतृत्व समक्ष अनुरोध सहितको ताकेता गरीएको छ । उक्त संरचनाहरु उपयोगको लागि चाडै सञ्चालनमा आउने विश्वास लिएको छु।

९) मित्र राष्ट्र चीन सरकारको अनुदान सहयोगमा जिरी मा.वि. को सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य भै रहेको छ। उक्त विद्यालय भवन निर्माण भएपछि शैक्षिक पूर्वाधारतर्फ नमूना विद्यालयको रुपमा स्थापित भई जिरीको शैक्षिक विकासमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने विश्वास गरेको छु।

१०) निजी क्षेत्रको लगानीमा यस नगरको पटासेमा एसियाकै अग्लो दावि गरीएको गुरु रिम्पोर्छेको प्रतिमा तीव्र गतिमा निर्माण हुँदै गरेको छ । यस प्रतिमा निर्माणपछि जिरी नगरपालिकाको धार्मिक पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुग्ने विश्वास लिएको छु।

११) कृषितर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत वडा नं. २, ७, ८ र ९ मा तरकारीको पकेट क्षेत्र विकास कार्यक्रम संचालनमा रहेको छ । नगरपालिकाको तर्फबाट कृषि बाली उत्पादनमा अनुदानका कार्यक्रमहरू संचालन गरीएका छन् । चालु आ.व.मा कृषि विकास अन्तरगतका विभिन्न कार्यक्रमबाट करिब १४०० जना लाभान्वित भएका छन्।

१२) यस नगरपालिका प्राङ्गारिक नगरको रुपमा सूचिकृत भई रासायनिक मलको कोटा समेत नरहेको सन्दर्भमा जिरी साना किसान कृषि सहकारी संस्थाले निर्माण र व्यवस्थापन गर्ने गरी यस नगरपालिकाको लागत साझेदारीमा प्राङ्गारिक मल कारखाना निर्माणको स्विकृति भई सम्झौताको चरणमा रहेको छ।

१३) पशु विकास कार्यक्रम अन्तरगत चौरी प्रवर्द्धन, पशु वीमा, नश्ल सुधार, गोठ सुधार, साना दुग्ध उद्योग स्थापना, पशु स्वास्थ्य लगायतका सेवा प्रदान गरीएको छ । यस आ.व.मा पशु सेवा तर्फ करिब १३०० जना लाभान्वित भएका छन्।

१४) स्वास्थ्य तर्फ नगरपालिकाको पहुँच भन्दा टाढा रहेका वडाहरुमा चिकित्सकीय सेवा सहितको स्वास्थ्य शिविर संचालन गरीएको छ। यस आ.ब.मा उक्त कार्यक्रमबाट ५१७ जना लाभान्वित भएका छन् । नगर भित्र रहेको जिरी अस्पताल लगायतका स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको व्यवस्थापन, औषधी लगायतका स्वास्थ्य उपकरण समयमै व्यवस्थापन गरीएको छ । ठूलोपातल स्वास्थ्य चौकी र श्यामा स्वास्थ्य चौकीमा दक्ष स्वास्थ्यकर्मी सहित वर्थिङ सेन्टर सञ्चालनमा रहेको छ। जिरी अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी लागू गरीएको छ। अस्पताल व्यवस्थापन समिति तर्फको आ.ब. २०७९/०८० सम्मको अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ। हाम्रो निरन्तरको पहलकदमीबाट जिरी अस्पताल प्रदेश मातहत सञ्चालन गर्ने गरी बागमती प्रदेश सरकारले प्रस्तुत गरेको आ.ब. २०८१/०८२ को बजेट बक्तव्यमा समेत सम्बोधन भएको छ।

१५) शिक्षा तर्फ नियमित कार्यको अलवा विज्ञ समूहबाट विद्यालयको अनुगमन गरी अनुगमन प्रतिवेदनको आधारमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेका ५ वटा विद्यालयहरुको कक्षा घटाई विद्यार्थी चाप बढी भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्ने कार्य गरीएको छ। शैक्षिक पूर्वाधार विकास र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू संचालन गरीएका छन्।

१६) लामो समय पछि नगरपालिकाको सहयोग र जिरी उद्योग वाणिज्य संघको आयोजनामा दोश्रो जिरी महोत्सव भव्यताका साथ सम्पन्न गरीएको छ। यस महोत्सवको प्रभाव स्वरुप जिरीमा आन्तरिक तथा वाह्य पर्यटकहरूको संख्यामा वृद्धि भई आर्थिक गतिविधिमा सकारात्मक नतिजा देखिन थालेको छ।

१७) सेवा प्रवाह सरल र योजना कार्यान्वयनलाई समयमै सम्पन्न गर्न चालु आ.व. को योजना कार्यान्वयन कार्यतालिका स्वीकृत गरी २०८० फागुन मसान्त भित्र योजना सम्झौता र जेष्ठ मसान्त भित्र अन्तिम फरफारक गर्ने एउटा सफल र असल अभ्यास सुरु गरीएको छ। यसले असारे विकासको विकृतिलाई निरुत्साहित गरेको छ।

१८) बागमती प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको जिरीको रुपान्तरणकारी योजना **जिरी ताल** निर्माण अविलम्ब अघि बढाउन नेपाल सरकार र बागमती प्रदेश सरकारका सम्बन्धित नेतृत्व एवम् निकायहरुमा विभिन्न चरणमा छलफल एवम् पहल गरीएको छ।

१९) यस नगरपालिकाको भगिनी सम्बन्ध रहेको मित्र राष्ट्र चीनको छोङ्दु नगरका नगर प्रमुखको नेतृत्वको प्रतिनिधि मण्डलले यस नगरपालिकाको भ्रमण गरी आपसी हित एवम् जिरी नगरबासी र जिरी नगरपालिकाको हितका क्षेत्रमा सहयोग तथा सहकार्यको प्रतिवद्धता प्राप्त भएको छ।

२०) यस जिरी नगरपालिकाको विशेष अनुरोधमा तयार नेपाल संस्थाबाट जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। उक्त योजनाले जिरीको विपद् व्यवस्थापन एवं जोखिम संवेदनशिल भू-उपयोग गर्ने आधार निर्माण हुने छ।

२१) उपभोक्ता हित संरक्षणका लागि आवश्यकताअनुसार बजार अनुगमन गरी उपभोग्य वस्तुहरूको गुणस्तर कायम गर्न प्रयास गरीएको छ।

२२) उपभोक्ताको सहजता र सेवा प्रवाहलाई नागरीकको नजिक पुऱ्याई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सबै वडाहरुमा योजना सम्झौता, सामान्य स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरीक परिचय पत्र, स्वास्थ्य वीमा, अपाङ्गता परिचय पत्र वितरण लगायतका एकिकृत घुम्ती सेवा शिविर संचालन गरीएको छ। यसले योजना सम्झौता लगायतको सेवा जनताको घर दैलोमा नै पुगी नागरीकले सेवा प्राप्त गर्न सहजता महशुस गरेको प्रतिक्रिया प्राप्त भएको छ।

२३) जिरी नगरपालिकाको समन्वय र असल मित्र नेपालको सहयोगमा नगरका सबै ज्येष्ठ नागरीकहरूलाई न्यानो (सिरक) वितरण गरी ज्येष्ठ नागरीकलाई सम्मान गरीएको छ।

२४) उपभोक्ता समितिबाट योजना कार्यान्वय गर्दा प्रकृयागत सहजताको लागि योजना सम्झौता देखि फरफारक सम्म आवश्यक पर्ने सबै कागजात समावेश गरी सहभागितामुलक योजना कार्यान्वयन किताब तयार गरी लागु गरीएको छ। यसले उपभोक्तालाई योजना कार्यान्वयन गर्न धेरै हद सम्म सहजता भएको महशुस गरेको छु।

२५) नगरपालिकाको काम कारवाहीलाई पारदर्शी, जवाफदेही बनाउन एवम् सेवा प्रवाह सम्बन्धमा नागरीक अभिमतबाट सेवा प्रवाहमा सुधार गरी सुशासन प्रवर्द्धन गर्न प्रत्येक चौमासिक अवधिको सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक परीक्षण गर्ने, प्रत्येक चौमासिक अवधिको आय व्ययको अवस्थाको कार्यपालिकामा समीक्षा गर्ने लगायतका कार्यहरूले सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ।

२६) नगरपालिकाले गरेका काम कारवाही एवम् लोक कल्याणकारी सूचना तथा सन्देश स्थानीय जिरी एफ.एम. सहित दोलखा जिल्ला भित्र रहेका सबै एफ.एम. रेडियो मार्फत नियमित प्रशारण हुने व्यवस्था मिलाइएको छ।

२७) यस नगरपालिकाको नगरगान र लोगो प्रतिस्पर्धाको आधारमा छनौट गरी प्रयोगमा ल्याइएको छ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**

**नगरसभाका सदस्य ज्यूहरू,**

**उपस्थित महानुभावहरू,**

अब म सभा समक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछुः-

**<u>आर्थिक विकास</u>**

२८) आलु र किवीलाई जिरी नगरको मुख्य कृषि उत्पादनको रुपमा घोषणा गरी व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग पुग्ने गरी कार्यक्रमहरू संचालन गरिने छ। जिरी नगरपालिकालाई लेकाली आलु जोनको रुपमा स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिने छ।

२९) विगत लामो समय देखि कृषि क्षेत्रमा प्रदान गरीदै आएको अनुदान कार्यक्रमको प्रभावकारिता अपेक्षित रुपमा प्रभावकारी नदेखिएको हुँदा व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्न **उत्पादनको आधारमा** अनुदानको कार्यक्रम ल्याइने छ। प्रदेश सरकारसँगको साझेदारीमा आवश्यक संभाव्यता अध्ययन एवम् विज्ञहरुको परामर्श लिई एक वडा एक विशेष कृषि/पशु उत्पादन तोकि बाली/पशु व्यवसाय विशेष प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ।

३०) गैर सरकारी, निजी र सहकारी संस्थाको साझेदारीमा कृषि उपजको संकलन, प्रशोधन, व्राण्डिङ, लेवलिङ, ग्रेडिङ र प्राङ्गारिक उत्पादनको रुपमा कृषकले उचित मूल्य प्राप्त गर्न काठमाण्डौ महानगरपालिका लगायत अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ। साथै किसानले उत्पादन गरेका कृषि उपजलाई क्रमश: Organic उत्पादनको रुपमा प्रमाणीकरण गर्ने तर्फ पहल गरिने छ।

३१) नगर क्षेत्रभित्रको सबै खेतीयोग्य जमिनमा व्यवसायिक कृषि उत्पादन गर्न जमिन चक्लाबन्दि गरी सामुहिक खेती गर्ने कार्यमा प्रोत्साहन गरिने छ।

३२) कृषकहरुको उत्पादन काठमाडौं उपत्यका लगायतका सम्भावित बजार सम्म पुर्याउन र कृषकहरुलाई आवश्यक पर्ने मल, वीउ लगायतका सामाग्री ढुवानी गर्न **कृषि एम्बुलेन्स**को व्यवस्था गर्न पहल गरिने छ।

३३) आवश्यकता र संभाव्यताको आधारमा नगरका आवश्यक स्थानहरूमा डेरी फर्म स्थापनामा सहयोग गरिने छ। दुग्ध उत्पादनको आधारमा कृषकलाई प्रोत्साहन गरिने छ।

३४) चौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्दै दुग्धजन्य पदार्थ उत्पादनमा प्रोत्साहन गरिने छ।

३५) व्यवसायिक कृषकहरूलाई पशु स्वास्थ्य, पशु वीमा, नश्ल सुधार, उन्नत घाँस, पशुपालन प्रविधि, गोठ सुधार लगायतका कार्यक्रममा सहयोग गरिने छ।

३६) पशु तथा कृषिधनको क्षतिमा राहत उपलब्ध गराउन एक **कृषक राहत कोष** स्थापना गरी कोष सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गरी लागु गरिने छ।

३७) संभाव्यताको आधारमा उन्नत जातका पशुपंक्षी तथा माछापालन व्यवसायमा सहयोग गरिने छ।

३८) आगामी आ.व. भित्र किसान सूचीकरण कार्य सम्पन्न गरी सबै किसानलाई किसान सूचीकरण प्रमाणपत्र प्रदान गरिने छ। नगरपालिकाबाट सञ्चालित कृषि सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा सूचिकृत कृषकलाई प्राथमिकता दिइने छ।

३९) निजी क्षेत्रको लगानीमा कृषि तथा पशु फर्म स्थापना गरी व्यवसायिक उत्पादन गर्ने कृषकहरुको लागि सहुलियतपूर्ण कर्जा सिफारिश गरीनुको साथै उत्पादन परिमाणको आधारमा प्रविधि र बजारीकरणमा सहयोग गरिने छ।

४०) कृषि उत्पादन प्रवर्द्धनको लागि **जिरी कृषि मेला** आयोजना गरिने छ।

४१) प्रदेश सरकारसँगको लागत साझेदारीमा निर्माण भएको शितभण्डार नगरपालिकालाई अविलम्ब हस्तान्तरण गरी संचालनको वातावरण निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

४२) प्रदेश सरकारको सहयोगमा जिरी साना किसान कृषि सहकारी संस्थाद्धारा स्थापना हुने प्राङ्गारिक मल कारखाना स्थापना र सञ्चालनको लागि नीतिगत, व्यवस्थापकीय सहयोग एवम् लगानी साझेदारी गरिने छ ।

४३) नगर क्षेत्र भित्रको कृषि योग्य भूमिको माटो परीक्षण गरी माटोको गुणस्तर सुधारको लागि कृषकहरूलाई आवश्यक सहयोग गरिने छ ।

४४) कृषि तथा पशुपालन व्यावसाय प्रवर्द्धनका लागि आवश्यक तालिम, प्रविधि, विउ, सिंचाई र औषधी लगायतका प्रर्वद्धनात्मक कार्यक्रम संचालन गरिने छ ।

४५) कृषकहरुलाई उन्नत तथा सुधारिएको खेती प्रविधिको ज्ञान विस्तारको लागि नमूनाको रुपमा कम्तिमा एक तरकारी बालीमा **एकीकृत बाली व्यवस्थापन Integrated crop Management (ICM)** प्रविधिको अभ्यास गरिने छ । यस्तो अभ्यासको प्रभावकारीता मूल्यांकन गरी यस प्रविधिलाई कृषि पाठशालाको रुपमा नगरका वडाहरुमा क्रमश विस्तार गर्दै लगिने छ ।

४६) उत्पादन, बजारीकरण, आय, रोजगारी सिर्जना आदिको आधारमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत एवम् सम्मान गरिने छ ।

४७) प्रत्येक वडामा एक कृषि तथा एक पशु प्राविधिक पर्ने गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्दै लगिने छ।

४८) आवश्यक कार्यविधि तयार गरी कानून बमोजिम स्थानीय तहलाई अधिकार प्राप्त उद्योग तथा फर्म दर्ता गर्ने कार्यलाई अगाडि बढाइने छ।

**पर्यटन**

४९) पर्यटन, वन तथा वातावरण हेर्नका लागि नगरपालिकामा छुट्टै डेस्क स्थापना गरिने छ।

५०) नेपाल सरकार, प्रदेश सरकार एवम् पर्यटनसँग सम्बन्धित संस्थाहरुसँगको सहयोग र साझेदारीमा जिरीलाई पर्यापर्यटन, कृषि, धार्मिक, शैक्षिक तथा सांस्कृतिक पर्यटनको माध्यमबाट वागमती प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ । जिल्लाका अन्य पालिका सँगको समन्वय र साझेदारीमा पर्यटन गुरु योजना निर्माण गरिने छ ।

५१) जिरीका मुख्य-मुख्य पर्यटकीय गन्तव्य, यहाँको मनोरम दृष्य, सांस्कृतिक विविधता, स्वच्छ वातावरण झल्किने भिडियो, ब्रोसर लगायतका प्रवर्द्धनात्मक सामग्री तयार गरी विभिन्न संचार माध्यमबाट प्रचार प्रसार गरिने छ ।

५२) **"चिसो चिसो मौसम, हावा सिरी सिरी: तातो हावा गर्मी छल्न आउनुस् हाम्रो जिरी"** भन्ने सन्देश सहित वसन्त र गृष्म ऋतुका समयमा तराइका मुख्य शहरहरु लगायतका स्थानमा स्थानीय तह, निजी क्षेत्र सहितको सहभागीतामा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ ।

५३) जिरी नगरपालिका वडा नं ७ मा रहेको पर्यटकीय स्थल हनुमन्तेमा विशाल हनुमानको मूर्ति सहित थप पर्यटन पूर्वाधार निर्माणको लागि नेपाल सरकार, प्रदेश सरकार, निजी तथा गैर सरकारी क्षेत्रको लगानी जुटाउन पहल गरिने छ । जिरीका अन्य प्रमुख पर्यटकीय गन्तव्यहरू जट्टापोखरी, पाँचपोखरी, क्याङ्से पोखरी, चेर्दुङ्ग, स्टोनपार्क, जिरेश्वर मन्दिर, राम्बोले मन्दिर, गुराँस पार्क, बुद्ध पार्क, टोनी हेगन पार्क, कुथामे पिक्निक पार्क, तेन्जिङ हिलारी पार्क, ठूलो ढुङ्गा पार्क, हलेश्वर मन्दिर, खावा पिकनिक पार्क,

देउरुम्बा, लौती झरना, राङराङ झरना, औतारी गुफा लगायतका पर्यटकीय क्षेत्रहरुमा थप पूर्वाधार विकास गरिने छ।

५४) निजी, सहकारी एवम् सामुदायिक संस्थाको सहयोगमा जिरीमा आउने पर्यटकको भ्रमणलाई सहज बनाउन एवम् उहाँहरुलाई मनोरन्जन सहितको आतिथ्यता प्रदान गरी पर्यटकको जिरी बसाई लम्ब्याउन होटल व्यवसायीहरुलाई तालिम, पर्यटक गाईडको प्रवन्ध, पर्यटन सूचना केन्द्र स्थापना, जिरी बजार आसपासमा सांस्कृतिक कला केन्द्र स्थापना गरी पर्यटकको मनोरञ्जनको लागि नियमित रुपमा स्थानीय सांस्कृतिक कार्यक्रम प्रदर्शन लगायतका प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्न सहयोग एवं समन्वय गरिने छ।

५५) जिरीको लिङ्कन खोलाको सौन्दर्यकरण गरिने छ । जिरी प्रवेशको मुख्य नाका खावामा कलात्मक स्वागतद्धार निर्माण गरिने छ।

५६) जिरीको पर्यटन र आर्थिक विकासको प्रमुख आधार वन्ने रुपान्तरणकारी आयोजना जिरी ताल निर्माण कार्य तत्काल अघि बढाउन सम्बन्धित निकायमा थप पहल गरिने छ।

५७) जिरीको पर्यटन विकासको लागि क्रियाशील पर्यटन सम्बद्ध संघ संस्थाहरुको स्थापना र त्यस्ता संस्था मार्फत पर्यटन विकासको क्षेत्रमा गर्ने कार्यक्रममा सहयोग एवं समन्वय गरिने छ।

५८) पर्यटकहरुको सहजताका लागि जिरीका पर्यटकीय गन्तव्यहरुलाई गन्तव्य कोड प्रदान गरी उक्त गन्तव्यमा पुग्ने बाटो, दुरी लगायतका आवश्यक सन्देशमूलक जानकारी दिने सूचना बोर्ड राखिनेछ।

५९) जिरीको पटासेमा निर्माण हुँदै गरेको एसियाकै अग्लो गुरु रिम्पोर्छेको प्रतिमा निर्माण सम्पन्न भएपछि बढ्न सक्ने धार्मिक पर्यटन लक्षित कार्यक्रममा सहयोग गरिने छ।

६०) आ.व. २०८१/०८२ लाई **जिरी भ्रमण वर्ष** घोषणा गरी ५० हजार पर्यटक भित्र्याउने लक्ष्य राखि सोहि वमोजिमका कार्यक्रम संचालन गरिने छ।

६१) पर्यटन प्रबर्द्धनका लागि नगर क्षेत्रमा होमस्टे संचालनमा प्रोत्साहन गरिने छ।

६२) हनुमन्ते देखि वडा नं. १ को पुम्पा सम्म साइकल रुट सञ्चालन गरी पर्यटन प्रबर्द्धन गर्न सम्बन्धित निकायहरूमा समन्वय गरिने छ।

६३) जिरीको पटासे-क्याङ्से क्षेत्रबाट प्याराग्लाइडिङको व्यावसायिक उडान गर्न निजी क्षेत्र र सम्बन्धित निकायसँग समन्वय गरिने छ।

६४) मुख्य सडक किनारमा भएका बजार क्षेत्र खावा, हाटडाँडा, लिङ्कन बजार, आदिमा सडक बत्तीको व्यवस्था मिलाइने छ।

<u>**सहकारी**</u>

६५) जिरी नगरपालिका भित्र रहेका सबै सहकारी संस्थाहरुलाई कोपोमिसमा आवद्ध गरिने छ। निष्कृय सहकारी संस्थाहरू एकीकरण वा दर्ता खारेजी गरिने छ।

६६) प्रारम्भिक सहकारी संस्थाहरुलाई उत्पादन केन्द्रित र विषयगत संघमार्फत उत्पादित वस्तुको मूल्य अभिवृद्धि गर्न प्रोत्साहन गरिने छ।

६७) सहकारी संस्थाका सदस्य र कर्मचारीहरुलाई सहकारी व्यवस्थापन, सहकारी शिक्षा, सहकारी प्रविधि लगायतका आवश्यक तालिम प्रदान गरिने छ। गैर सदस्य कारोबार, गैर कार्यक्षेत्र कारोबार, एकै विषयका दोहोरो संस्था सदस्यता, प्रचलित कानुनी व्यवस्थाको परिपालनामा कमी लगायतका कार्यलाई नियमन गरिने छ। सहकारी अनुगमनलाई प्रभावकारी बनाइनेछ।

६८) सहकारी संस्था मार्फत सहकारी वा सामुहिक खेती, पशुपालन, उत्पादित सामाग्रीको बजारीकरण गर्न प्रोत्साहन गरिने छ।

६९) सहकारी संस्थाको नियमन, प्रवर्द्धन एवम् सहकारी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रुपमा स्थापित गर्न प्रारम्भिक सहकारी संस्था, जिल्ला सहकारी संघ, विषयगत संघहरुलाई सहयोग गरिने छ। नगरपालिकाको पहलमा गठन गरीएको नगर सहकारी समन्वय समितिलाई थप सशक्त बनाई सहकारीको नियमन र प्रवर्द्धनको क्षेत्रमा क्रियाशील गराइनेछ।

७०) जिरी नगरपालिकाको सहकारी ऐन, २०७५ समयानुकूल परिमार्जन गरी सहकारी नियमावली लगायतका आवश्यक कानून निर्माण गरिने छ।

**श्रम, रोजगार, उद्योग, व्यापार र लघु उद्यम**

७१) जिरी भित्रका विभिन्न क्षेत्रमा सीप र ज्ञान हासिल गरेका नगरपालिका वा अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट तालिम प्राप्त गरेका दक्ष, अर्धदक्ष एवम् अदक्ष जनशक्ति तथा पेशाविदहरूको नाम, ठेगाना, सीप, ज्ञान लगायतका विवरण सहितको अभिलेख रहने गरी जिरी नगरपालिकामा एक **श्रम बैंक** स्थापना गरिने छ। नगरपालिकामा उपभोक्ता समितिबाट सञ्चालन हुने योजना, निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्य लगायतका निजी क्षेत्रको रोजगारीमा सहभागी गराउन श्रम बैंकमा आवद्ध जनशक्तिको उपयुक्त ढंगबाट परिचालन गर्न श्रम बैंक संचालन कार्यविधि तयार गरी लागु गरिने छ।

७२) नगरपालिकाबाट विगतमा विभिन्न विषयमा तालिम लिएका प्रशिक्षार्थीहरूको विवरण अध्यावधिक गरी उनीहरुले तालिममा प्राप्त गरेको सीपको उपयोग गरी रोजगारी वा उद्यम गरे नगरेको अनुगमन गरिने छ। तालिम प्राप्त व्यक्तिहरूलाई सीप अनुसारको उद्यम वा स्वरोजगारीको लागि आवश्यक सहयोग गरिने छ। तालिममा सहभागी हुने तर सिकेको सीपको अभ्यास नगर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ।

७३) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन निर्माण सामाग्री र औजार व्यवस्थापनको लागि आवश्यक स्रोत व्यवस्थापन गरिने छ।

७४) कृषि, जडिबुटी, पर्यटनमा आधारित लद्यु उद्यम स्थापना र प्रवर्द्धनमा सहयोग गरिने छ। स्वदेशमै गरिखाने चाहना भएका एवम् वैदेशिक रोजगारीबाट सीप र पुँजी हासिल गरी फर्किएका युवा युवतीहरूले यस क्षेत्रमा उद्यम गर्न चाहने Startup हरुलाई सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गर्नुको साथै व्यवसाय प्रवर्द्धनमा सहयोग गरिने छ।

७५) सहकारी वा समूहमा आधारित घरेलु तथा लघु उद्यम स्थापना र विकासमा सहयोग गरिने छ।

**भवन निर्माण तथा बस्ती विकास**

७६) नगरपालिकाको भवन निर्माण मापदण्ड स्वीकृत गरी सो बमोजिम भवन निर्माण इजाजतलाई अनिवार्य बनाइनेछ। निश्चित समयावधि तोकी यस अघि निर्माण भएका निर्मित भवन बमोजिमको नक्सा प्रमाणित गरी अभिलेख राखिने छ। लामो साँघु जिरी सडक लगायतका सडक क्षेत्रमा निर्माण भै सकेका भवन प्रचलित कानून बमोजिम सडक क्षेत्राधिकार र सेट व्याक कायम गर्न स्वंय घरधनी जिम्मेवार रहने गरी त्यस्ता घरहरुको नक्सा तयार गर्न लगाई अभिलेख राखिने छ।

७७) जिरी नगर क्षेत्रभित्र निर्माण भएका सबै प्रकारका भवनको नक्सापास सम्बन्धी अभिलेखलाई व्यवस्थित गरिने छ।

७८) जिरी नगर भित्रको भवन निर्माण इजाजत वा अभिलेखिकरण गर्दा दिशाजन्य लेदो व्यवस्थापन कार्यविधि, २०८० बमोजिम आवश्यक प्रवन्ध मिलाइनेछ।

७९) सरकारी, सामुदायिक एवम् व्यवसायिक भवन निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने व्यवस्था गरिने छ।

**शिक्षा, युवा तथा खेलकुद**

८०) जिरी नगर शिक्षा योजना तयार गरी लागु गरिने छ । आगामी आर्थिक वर्षमा स्थानीय पाठ्यक्रम अनुसार आधारभूत तह सम्मको पाठ्यपुस्तक तयार गरी लागु गरिने छ।

८१) शैक्षिक गुणस्तर सुधार गरी सामुदायिक विद्यालयको साख र क्षमता अभिवृद्धि गर्न आवश्यक पूर्वाधार तयार गरी नगरपालिका भित्रका निश्चित विद्यालयहरूबाट आवासीय कक्षा सञ्चालन गर्ने नीति लिइने छ।

८२) यस नगर क्षेत्रमा स्थायी बसोबास भएका विद्यार्थीलाई एम.वि.वि.एस र आमाबाबु विहिन अति विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा सहयोग गर्न **अध्ययन सहायता कोष** स्थापना गरिने छ। उक्त कोष सञ्चालनको लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ।

८३) मित्र राष्ट्र चीनको सहयोगमा निर्माण हुँदै गरेको जिरी माध्यामिक विद्यालयको भवन निर्माण कार्यलाई समय भित्रै सम्पन्न गर्न आवश्यक सहयोग एवम् समन्वय गरिने छ।

८४) विद्यार्थीहरूलाई निर्धारित पाठ्यक्रमको अलवा खेलकुद, नृत्य/संगीत लगायतका जीवन उपयोगी अतिरिक्त शिक्षा प्रदान गर्न सम्बन्धित विषयका घुम्ती शिक्षक परिचालन गरिने छ।

८५) विद्यालयहरूको शैक्षिक गतिविधिलाई आधुनिक सूचना प्रविधि, व्यवहारिक एवम् व्यवसायिक ज्ञानको विस्तारको लागि आवश्यक सहयोग गरिने छ।

८६) सम्बन्धित संस्थासँगको साझेदारीमा सामुदायिक विद्यालयहरूमा सञ्चालनमा रहेको बहुकक्षा बहुस्तर सिकाई (MGML) पद्धतिलाई निरन्तरता दिइनेछ।

८७) यस नगरपालिकाको शैक्षिक क्षेत्रमा नगरको नीति तथा कार्यक्रम अनुरुप सहयोग एवम् साझेदारी गरीरहेका एवम् गर्न चाहने संघ, संस्थाहरूको कार्यक्रम निरन्तरताको लागि पहल गरिने छ।

८८) जिरीको मुख्य आर्थिक आधारको रुपमा रहेको कृषि, पर्यटन र पूर्वाधार निर्माणमा युवाहरूको अर्थपूर्ण प्रतिनिधित्वको व्यवस्था मिलाईने छ । विभिन्न क्षेत्रमा उत्कृष्ट ज्ञान, सिप हासिल गरेका जिरीका युवा युवतीहरूलाई स्थानीय विकासमा योगदान दिन आह्वान गरिने छ।

८९) विभिन्न विधाका खेलकुदको प्रशिक्षण, अभ्यास र प्रतियोगितामा सहभागी हुन आवश्यक सहयोग गरिने छ । जिरी नगरबाट प्रतिनिधित्व गरी विभिन्न स्तरको प्रतियोगितामा उत्कृष्ट पदक हासिल गर्ने खेलाडिहरूको अभिलेख राखी पुरस्कृत एवम् सम्मान गरिने छ।

९०) जिरी नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद प्रतियोगिताहरूलाई उपयुक्त एवम् अनुकुल समयमा एकै पटक सञ्चालन हुने गरी **खेलकुद सप्ताह** आयोजना गरिने छ।

९१) नगरपालिकाले लिएको क्लिन जिरी, ग्रिन जिरी, अर्गानिक जिरीको दीर्घकालिन लक्ष्यलाई मूर्त रुप दिन कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ। यस दीर्घकालिन लक्ष्यको विशेषता, क्रियाकलाप र सूचक बारे विद्यालय तहको स्थानीय पाठ्यसामाग्रीमा समावेश गरी अध्ययन गराइने छ।

**स्वास्थ्य**

९२) जिरी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन, औषधी एवम् उपकरणको प्रवन्ध लगायतका व्यवस्था मिलाईने छ।

९३) नगरको केन्द्रबाट टाढा रहेका वडाहरुमा चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा शिविर संचालन कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ।

९४) **"बा आमाको सेवा, स्वास्थ्य उपचारमा टेवा"** भन्ने अभियान सहित ७५ वर्ष नाघेका ज्येष्ठ नागरीक तथा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक ३-३ महिनामा स्वास्थ्य कर्मीहरू घर घरमा गइ स्वास्थ्य परीक्षण र आवश्यकता अनुसार निःशुल्क औषधी वितरण गर्ने गरी **जेष्ठ नागरीक र अशक्तको सेवामा नगर प्रमुख** कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रम संचालनको लागि आवश्यक कार्यविधि तयार गरिने छ।

९५) जिरी नगरपालिकाको वडा नं ४ र ६ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र विस्तार गरिने छ।

९६) स्वास्थ्य वीमामा नगरका सबै नागरीकहरुलाई सहभागी गराउन वीमाको महत्व र वीमा गर्ने प्रकृयाको बारेमा व्यापक जनचेतना सहितको सन्देश प्रवाह गरिने छ। स्वास्थ्य वीमा दर्ता सहयोगी प्रोत्साहनको लागि उनीहरूले प्रति विमित प्राप्त गर्ने रकममा थप रु.१००।– (एक सय) प्रदान गरिने छ।

९७) गर्भवती तथा सुत्केरी महिलाहरुलाई सुत्केरी गराउन अस्पताल सम्म ल्याउन एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइने छ। जिरी नगरपालिका क्षेत्रभित्र घटना/दुर्घटनामा परि मृत्यु भएको नागरीक र वेवारिसे शव परीक्षण गर्न जिरी अस्पताल सम्म ल्याउने र जिरी नगरपालिका क्षेत्र भित्रका घर वा घाटसम्म पुऱ्याउन निःशुल्क शव वाहान उपलब्ध गराईने छ। यसका लागि कोषको प्रवन्ध गरिने छ। उक्त कोष सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि तयार गरिने छ।

९८) नगर क्षेत्र भित्रका अति विपन्न व्यक्तिको एम्बुलेन्स तथा शववाहन सहितको स्वास्थ्य उपचारमा सहयोग गर्न **विपन्न नागरीक स्वास्थ्य उपचार सहायता कोष स्थापना** गरिने छ । उक्त कोष सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि तयार गरिने छ।

**<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरीक</u>**

९९) महिलाहरूको ज्ञान, सीप र क्षमता वृद्धि गरी उनीहरूको आय र रोजगारी अभिवृद्धि गराउन आवश्यक तालिम, क्षमता र नेतृत्व विकासमा सहयोग गरिने छ।

१००) गर्भवती तथा सुत्केरी आमा र बच्चाको स्वास्थ्य तथा पोषणमा सहयोग पुऱ्याउन **सुत्केरी आमासँग उप-प्रमुख कार्यक्रम** सञ्चालन गरिने छ। यस कार्यक्रम संचालनको लागि आवश्यक कार्यविधि तयार गरिने छ।

१०१) लैंगिक तथा घरेलु हिंसाको अन्त्य, आर्थिक क्रियाकलाप, राजनीतिक र प्रशासनिक क्षेत्रमा महिला, दलित, अल्पसंख्यक लगायतका लक्षित समुदायको सहभागीता अभिवृद्धिका लागि आवश्यक सचेतना, कानूनी प्रवन्ध र क्षमता विकासका लागि कार्यक्रम संचालन गरिने छ।

१०२) आगामी २ वर्ष भित्र यस जिरी नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्ने गरी कार्ययोजना स्वीकृत गरी कर्यान्वयन गरिने छ। बालमैत्री नगर घोषणाको लागि आवश्यक सूचकहरू पुरा गर्न सरकारी, गैर सरकारी, निजी र समुदायको सहयोग, साझेदारी एवम् सहभागीता जुटाइने छ।

१०३) नगरपालिकाको योजना तर्जुमा देखि कार्यान्वयनसम्म आवश्यकता अनुसार बाल प्रतिनिधित्व सुनिश्चित गरिने छ। बाल अधिकारका आयामहरू बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीताको सुनिश्चितताको लागि आवश्यक कार्यक्रम ल्याइने छ।

१०४) जेष्ठ नागरीकहरूको अनुभव र ज्ञानलाई समाज र नगरको हितका लागि उपयोग गर्ने नीति लिइने छ। नगरको उपयुक्त स्थानमा ज्येष्ठ नागरीक मिलन केन्द्र स्थापना गरी उँहाहरुलाई आपसी संवाद, सिकाई पुस्तान्तरण, मनोरञ्जन लगायतका क्रियाकलाप गर्ने वातावरण निर्माण गर्ने पहल गरिने छ।

१०५) नगरका जेष्ठ नागरीकहरुको सम्मान तथा सहयोगको लागि विभिन्न संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।

१०६) **असल मित्र नेपालको** सहयोगमा ज्येष्ठ नागरीकहरूलाई न्यानो कपडा, सिरक लगायतका सामाग्रीहरू वितरण गरी सम्मान गरीदै आएको कार्यक्रमलाई आगामी आ.व.मा यस नगरपालिकाको समेत साझेदारी रहने गरी कार्यान्वयन गरिने छ ।

१०७) जिरीका महिला, अल्पसंख्यक र विपन्न युवा युवतीहरूलाई सरकारी सेवामा प्रवेश सहजताका लागि अभिमुखीकरण गराउन लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।

१०८) अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, क्षमता विकास, आय र रोजगारी बढाउन आवश्यक कार्यक्रम संचालन गरिने छ । अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन सहजताका लागि सहायता सामग्रीहरू वितरण गरिने छ ।

**<u>पञ्जीकरण तथा सामाजिक सुरक्षा</u>**

१०९) सम्बन्धित वडा कार्यालय, बैङ्क तथा सुरक्षा निकायसँगको समन्वयमा जिरी नगरपालिका वडा नं. १, २, ३, ८ र ९ मा संचालन हुँदै आएको सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरण कार्यक्रमलाई निरन्तरता दिइने छ।

११०) घटना घटेको ३५ दिनभित्र  व्यक्तिगत घटना दर्ता गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।

१११) जिरी नगरपालिकाका पदाधिकारी, कर्मचारीहरुलाई पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी क्षमता अभिबृद्धि तालिम संचालन गरिने छ।

**<u>न्यायिक समिति</u>**

११२) न्याय सम्पादन कार्यमा पूर्ण अग्रसरता लिई न्यायिक प्रकृयालाई भरोसायोग्य बनाईने छ । साथै समाजमा भएका सामान्य विवादलाई मेलमिलापको माध्यमद्धारा समाधान खोज्ने प्रायास गरिने छ ।

११३) नगरपालिका भित्र सुचिकृत मेलमिलापकर्तालाई विवाद मेलमिलाप गरे वापत दिईने प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ ।

११४) सामाजिक मेलमिलाप केन्द्रको संयोजकले पाउने सञ्चार तथा यातायत खर्चलाई निरन्तरता दिईनेछ ।

११५) मेलमिलाप सम्बन्धी आधारभूत तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

११६) प्रभावकारी रुपमा न्यायिक कार्य सम्पादन गर्नको लागी अन्य स्थानिय तहमा अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

**<u>गैर सरकारी संस्था</u>**

११७) जिरी नगरपालिकामा कार्य गर्न चाहने गैर सरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम नगरसभाबाट स्वीकृत गरिने छ । गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रमहरुको कार्यान्वयनमा समन्वय, साझेदारी र सहयोग गरिने छ । यस नगरपालिकामा काम गर्न चाहने गैर सरकारी संस्थाहरूलाई सूचीकृति गरिने छ ।

११८) गैर सरकारी संस्थाका कार्यक्रमको अनुगमन प्रतिवेदन प्रणाली र प्रगति समीक्षालाई व्यवस्थित बनाइने छ ।

**<u>भौतिक पूर्वाधार विकास</u>**

११९) जिरी नगरको लाइफ लाइनको रुपमा रहेको जिरी-माली-श्यामा-पुम्पा सडक, हाटडाँडा-रेक्च्याङ-भोर्ले सडक, जिरी-सिक्री-झाँक्रे सडक र खावा-लहरेमाने-खोल्मे सडकलाई नगरको मुख्य सडक घोषणा गर्दै उक्त सडकहरू स्तरोन्नतिको लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गरिने छ।

१२०) जिरी नगरपालिका भित्रका सबै प्रकारका सडकहरुको नाम, दुरी र अवस्था समेत खुलाई व्यवस्थित अभिलेख राखिने छ। आवश्यकता र प्राथमिकताको आधारमा यस्ता सडकहरूको स्तरोन्नति तथा मर्मत संभारको व्यवस्था मिलाइने छ। साथै नगरस्तरीय यातायात गुरु योजना अध्यावधिक गरिने छ ।

१२१) जिरी नगरपालिका भित्र निर्माण भएका सार्वजनिक संरचनाहरूको व्यवस्थित अभिलेख राखी उद्देश्य अनुरुप उपयोग गरिने छ। नगरपालिकाद्धारा निर्माण सम्पन्न गरीएको सपिङ्ग कम्प्लेक्स यथाशीघ्र संचालनमा ल्याइने छ।

१२२) नेपाल सरकार, प्रदेश सरकार एवम् सम्बन्धित निकायहरूमा विशेष अनुदान, समपूरक अनुदान लगायतका योजना माग गर्न आवश्यकता र औचित्यताको आधारमा योजना छनौट गरी उक्त योजनाको संम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ।

१२३) जिरीका मुख्य-मुख्य बजार क्षेत्रमा रहेका अव्यवस्थित टहरा एवम् संरचनाहरू हटाइ यस्ता संरचना निर्माण गर्न प्रतिवन्द लगाइने छ।

१२४) स्वीकृत योजनाहरू संचालन गर्नु पूर्व योजनाको लागत, गुणस्तर र प्रतिफल सुनिश्चित गर्न सम्बन्धित वडाध्यक्ष / वडासदस्य तथा वडा प्राविधिक सहितको उपस्थितिमा आयोजना स्थलको अध्ययन गरी योजना कार्यान्वयन ढाँचाको सुनिश्चित पश्चात योजना सम्झौता गर्ने व्यवस्था मिलाइने छ। साथै योजनाको गुणस्तर कायम गर्नका लागि ईन्जिनियरिङ ल्यावको स्थापना गरिने छ।

१२५) आगामी आर्थिक वर्षका लागि नगरमा उपलब्ध श्रोतबाट सम्वोधन गर्न नसकिएका बस्ती स्तरबाट माग भएका योजना एवम् नगरको आवश्यकता बमोजिमको आयोजनाहरू समावेश गरी **आयोजना बैंक** तयार गरिने छ। आयोजना बैंकमा समावेश योजनाहरू कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार एवम् गैह्र सरकारी संघ संस्थामा अनुरोध गरिने छ। आगामी वर्षहरूमा नगरबाट योजना स्वीकृत गर्दा समेत आयोजना बैंकमा समावेश भएका योजनाहरूलाई प्राथमिकता दिइने छ।

१२६) हाटडाँडा पार्कमा दोलखा जिल्लाको समग्र विकास र लोकतान्त्रिक आन्दोलनमा विशेष योगदान पुर्याउनु हुने राजनीतिक व्यक्तित्वहरु स्व. भिम बहादुर तामाङ, स्व. पशुपति चौलागाई र स्व. रित बहादुर खड्काको अर्धकदको शालिक निर्माण गरिने छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१२७) जिरी नगरका सबै नागरीकहरूलाई आधारभूत स्वच्छ खानेपानी व्यवस्था गरिने छ। विभिन्न पशुपंक्षीको लागि पिउने पानी र खानेपानीको श्रोत संरक्षणका लागि नगरको आवश्यक स्थानहरूमा रिचार्ज पोखरी निर्माण गरिने छ।

१२८) नगर क्षेत्र भित्रको फोहोर मैलालाई श्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गरिने छ। वडा नं. ६ मा निर्माण भएको फोहोर व्यवस्थापन केन्द्रमा थप पूर्वाधार निर्माण गरी फोहोरको वर्गीकरण र उपयोग गरिने छ।

१२९) नगर क्षेत्रभित्र रहेका नदी तथा सार्वजनिक स्थलमा फोहोर फाल्ने, करेन्ट लगाई एवम् विष हाली जलचर मार्ने कार्यलाई सुरक्षा निकायको सहयोगमा नियमन गरिने छ।

१३०) जिरी नगरको मुख्य केन्द्रको रुपमा रहेको लिंकन बजारमा रहेका खोलाहरूको सौन्दर्यकरण गरिने छ। समग्र जिरीको वातावरणलाई हराभरा र सुन्दर बनाउन जिरीका मुख्य सडक किनारा र पार्कहरुमा विभिन्न जातका फूलका विरुवाहरू रोपण गरिने छ।

१३१) संघीय तथा प्रदेश सरकार लगायत विभिन्न संघ, संस्थासँगको साझेदारीमा जलवायु अनुकूलन विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१३२) विकास निर्माण गर्दा वातावरणमैत्री प्रविधि र पद्धतिलाई अवलम्बन गरिने छ।

१३३) विपद् व्यवस्थापनको विपद् पूर्व तयारी तथा प्रतिकार्य, राहत तथा पुन:स्थापना, पुनःनिर्माण लगायतका कार्यलाई चुस्त दुरुस्त बनाइने छ। विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिने छ। विपद व्यवस्थापनका हरेक चरणहरुमा सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरीक समाज लगायतको समन्वय र साझेदारीको व्यवस्था मिलाईने छ।

१३४) तयार नेपालको सहयोगमा निर्माण हुने जोखिम संवेदनशील भु-उपयोग योजना क्रमशः कार्यान्वयन गरिने छ।

**<u>संस्थागत सुशासन तथा सेवा प्रवाह</u>**

१३५) जिरी नगरपालिकाले अभ्यासमा ल्याएको सहभागीतामूलक योजना कार्यान्वयन किताबलाई थप व्यवस्थित गरी कार्यान्वयन गरिने छ। योजना सम्झौता लगायत नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवालाई जनताको घर दैलोमा पुर्‍याउन  एकिकृत घुम्ति सेवा शिविरलाई निरन्तरता दिइने छ।

१३६) सुशासनका औजार मानिएका सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, वार्षिक तथा अर्ध वार्षिक समीक्षा लगायतका कार्यक्रमहरू संचालन गरिने छ।

१३७) आगामी आ.व.मा उपभोक्ता समितिमार्फत सम्पन्न गरिने योजनाहरु माघ मसान्तभित्र सम्झौता गरी जेष्ठ मसान्तभित्र भुक्तानी लिइसक्नु पर्ने गरी आवश्यक व्यवस्था गरिने छ।

१३८) योजना अनुगमन तथा मूल्यांकनलाई थप प्रभावकारी बनाईने छ।

१३९) कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ। सेवारत एवम् सेवा निवृत्त कर्मचारीको सेवा सुविधा एवम् कार्यक्रम सञ्चालन निर्देशिका तयार गरी लागु गरिने छ।

१४०) नगरपालिकाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन सहजताका लागि कार्यक्रम कार्यान्वयन मार्गदर्शन एवम् योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत गरी लागु गरिने छ। यसबाट कार्यक्रम कार्यान्वयनमा सहजता, कानूनको परिपालना र कार्यान्वयनमा एकरुपता हुने विश्वास गरेको छु।

**<u>राजश्व</u>**

१४१) राजश्वको दर भन्दा दायरालाई बढाई नगरका सबै आर्थिक गतिविधिलाई करको दायरामा ल्याइ आन्तरिक आम्दानी वृद्धि गरिने छ। जिरी भित्रका व्यवसायीहरूको लागि कर सचेतना कार्यक्रम संचालन गरिने छ।

१४२) सम्पत्ति करलाई थप व्यवस्थित गरी आगामी आ.व. बाट संकलन सुरु गरिने छ।

१४३) हाल सम्म व्यवसाय कर र व्यवसाय नविकरण दस्तुर छुट्टा छुट्टै लिने व्यवस्था रहेकोमा आगामी आ.व. बाट व्यवसाय कर तिरेपछि व्यवसाय स्वत नविकरण हुने व्यवस्था मिलाइने छ। विगत समयमा व्यवसाय दर्ता गरी नविकरण नगरेका व्यवसायीहरूलाई आगामी आर्थिक वर्ष भित्र बाँकी व्यवसाय कर तिरी फरफारक गरेमा हाल सम्मको जरिवाना छुट दिइने छ।

१४४) जिरी नगरपालिका र रामेछापको गोकुलगंगा गाउँपालिका बीचको खिम्ती खोलाको नदीजन्य पदार्थ हाल सम्म गोकुलगंगा गाउँपालिकाले एकलौटी रुपमा उपभोग गरी रहेकोमा सीमाको नदीमा दुवै पालिकाको बराबर हक रहने हुँदा यस नगरपालिकाले समेत त्यस नदीको नदीजन्य पदार्थको उपयोग र प्राप्त आम्दानीको हिस्सा प्राप्त गर्न आपसी संवाद, मध्यस्थता एवम् कानूनी उपचार सहितको उपायको अलवम्बन गरिने छ।

अन्तमा,

यस नगरपालिकाको वार्षिक योजना कार्यक्रम र बजेटलाई निर्देशित गर्ने गरी यस नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा विभिन्न क्षेत्रका अग्रज व्यक्तित्व, कृषक प्रतिनिधि, सहकारी संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायतका लक्षित समुदायका प्रतिनिधि, संघीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधि एवम् जिरीका स्थानीय राजनीतिक दलहरुबाट सुझाव प्रदान गरी सहयोग गर्नु भएकोमा हृदयदेखि हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी यस नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा अहोरात्र खटिनु हुने उप-प्रमुख, विषयगत समिति, वडा अध्यक्ष, कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृतसहित सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**